# पञ्चेश्वर गाँउपालिका राजपत्र

खण्ड-१, संख्या -०२ मिति-२०७५।१०।१५

पञ्चेश्वर गाँपालिकाद्धारा प्रकाशित


भाग -२

## पञ्चेश्वर गाउँपालिका मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०७५

पञ्चेश्वर गाउँपालिका
बैतडी
सुदूरपश्चिम प्रदेश

**प्रमाणीकरण र प्रकाशन मितिः- २०७५/१०/१५**

**प्रस्तावनाः** यस गाउँपालिकामा बालबालिका र महिलाहरु मदिरा सेवन गरेका व्यक्तिहरुको हिंसाजन्य व्यवहारबाट प्रभावित हुनुपरेकोले जनचाहना अनुरुप समुदायलाई सु-सभ्य, शान्त तथा आर्थिक उन्नतिको मार्गमा अग्रसर गराउन, सामाजिक सद्भाव कायम राख्न, सबै किसिमका हिंसा अन्त्य गरी, सभ्य समाजको निर्माण गर्नका साथै मदिरा सेवनबाट जनस्वास्थ्यमा पर्न गएको नकारात्मक असरलाई न्यूनीकरण मदिरा विक्रिवितरण नियन्त्रण तथा व्यवस्थापन गर्न नियन्त्रण तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

मदिरा विक्रिवितरण तथा व्यवसाय नियन्त्रण तथा व्यवस्थापन गर्ने ऐन, नियमावली जारी भई नसकेको संक्रमणकालीन अवस्थामा जनहितका लागी मदिरा व्यवसाय नियन्त्रण तथा व्यवस्थापन गर्न स्थानीय

सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ वमोजिम पञ्चेश्वर गाउँकार्यपालिकाले कार्यकारिणी अधिकार प्रयोग गरी बनाएको कार्यविधि गाउँसभाबाट पारित गरि लागू गरिएको छ ।

१. सक्षिंप्त नाम र प्रारम्भ-

(१) यस कार्य विधिको नाम मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्न बनेको कार्यविधि २०७५ रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा  प्रकाशन भएपछि तुरुन्त लागू हुनेछ ।

(३) यो कार्यविधि पञ्चेश्वर गाँउपालिकाभित्र  लागू हुनेछ ।

२. परिभाषा- १) विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क) मदिरा भन्नाले अन्न, फलफुल वा अन्य कुनै स्टार्च युक्त बस्तुलाई जीवरासायनिक प्रक्रियाद्धारा कुहाई वा अन्य कुनै प्रक्रियाद्धारा तयार पारिएको अल्कोहलयुक्त रासायनिक पदार्थ सम्झनुपर्छ र सो शब्दले रक्सि जाँड ,छ्याङ, ह्वीस्की, जीन, बराण्डी, भोड्का , बियर, वाइन, सेरी, सेम्फेसन, साइडर, फेरी, माल्ट्न, औद्योगीक अलकोहल ,रेक्टिफाइड, स्प्रिट समेतलाई जनाउँछ ।

ख) उत्पादन भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा तयार गर्नको लागी अपनाइने सबै वा कुनै विधि वा कार्य बुझिन्छ ।

ग) अनुमतीपत्र भन्नाले गाँउपालिका वा सम्बन्धित अन्य निकायले बिक्रि वितरणका लागि दिएका अनुमति पत्र सम्झनुपर्छ ।

घ) तोकिएको वा तोकिए बमोजिम् भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएका वा तोकिए बमोजिम सम्झनुपर्छ ।

ङ) सेवनकर्ता भन्नाले मदिरा सेवन गर्ने व्यक्ति सम्झनुपर्दछ ।

च) कार्यविधि भन्नाले मदिरा बिक्रीवितरण नियन्त्रण तथा व्यवस्थापन गर्न ऐन नियमावली जारी भई नसकेको अवस्थामा जनहितको लागि संक्रमणकालीन अवस्थामा मदिरा व्यवसाय नियन्त्रण तथा व्यवस्थापन गर्न जारी गरिएको कार्यविधि सम्झनुपर्दछ ।

छ) अध्यक्ष भन्नाले पञ्चेश्वर गाँउपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

ज) संयोजक भन्नाले न्यायिक समितिको संयोजकलाई सम्झनुपर्छ ।

३. मदिरा उत्पादनमा नियन्त्रण तथा व्यवस्थापन - कुनै पनि व्यक्तिले यस गाउँपालिका क्षेत्रभित्र मदिरा उत्पादन गर्न पाउने छैन ।

**४. मदिराको उत्पादन तथा विक्रिवितरणमा बन्देज** - कुनैपनि व्यक्तिले यस गाँउपालिका क्षेत्रभित्र  कुनै किसिमले मदिरा विक्रिवितरण गर्न पाउने छैन ।

**५. मदिराको निकासी पैठारी  नियन्त्रण तथा व्यवस्थापन** - कुनै पनि व्यक्तिले कुनै किसिमबाट पनि मदिराको निकासि तथा पैठारी गर्न पाउने छैन ।

**६. मदिरा सेवनकर्ताले होहल्ला ,गाली बेइज्जति र झैझगडा गर्न नपाइने** - यस गाँउपालिका क्षेत्र भित्र कुनैपनि व्यक्तिले अन्य स्थानबाट मदिरा सेवन गरि कुनै  पनि व्यक्तिलाई गालि बेइज्जति तथा कुनै पनि ठाँउमा होहल्ला गर्न पाइने छैन ।

**७.मदिरा विक्रिवितरण र ओसार पसार** -गाँउपालिकाले आफ्नो क्षेत्रभित्र कुनैपनि स्थानबाट मदिरा विक्रिवितरण तथा ओसारपसार गर्न पाउने छैन ।

**८. समिति गठन** - मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि प्रत्येक वडामा निम्न बमोजिमको वडास्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन  समिति गठन गरिनेछ। जसमा देहाय बमोजिमका सदस्य रहनेछन ।

क) वडाअध्यक्ष वा निजले  तोकेको व्यक्ति - संयोजक

ख) वडा प्रहरी कार्यालयको  प्रतिनिधि- सदस्य

ग) वडा  स्तरको स्वास्थ्य कार्यालयको प्रतिनिधि - सदस्य

घ) वडास्तरको महिला सञ्जालको प्रतिनिधि - सदस्य

ङ) वडास्तरीय बाल क्लबको प्रतिनिधि - सदस्य

च) वडास्तरीय किशोरी वृतको प्रतिनिधि- सदस्य

छ) वडास्तरीय युवाक्लबको प्रतिनिधि - सदस्य

ज) महिला स्वयंसेविका - सदस्य

झ) महिला वडासदस्य- सदस्य

**९.नियमित अनुगमन -** १)वडासमितिले आफ्नो वडाभित्रका टोल बजार विद्यालय स्वास्थ्य केन्द्र पार्क मन्दिर लगायतका स्थान तथा सार्वजनिक स्थलहरुमा मदिरा नियन्त्रण तथा व्यवस्थापन गरे नगरेको अनुगमन गरिनेछ ।

२)अनुगमन समितिले अनुगमन गरि अनुगमन प्रतिवेदन गाँउकार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**१०.सचेतना कार्यक्रम सञ्चालन गर्ने -**

१) बर्षको २ पटक मदिराको प्रभाव, कानुनी व्यवस्थाको बारेमा वडास्तरीय सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

२) वडास्तरीय कार्याक्रमको उपलब्धी प्रतिवेदन गाँउकार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**११. खानतलासि, कब्जा वा गिरफ्तार गर्न सक्ने -**

कुनै स्थान वा यस कार्यविधि बमोजिम सजाय हुने भएको छ भन्ने मनासिब कारण भएमा गााउपालिकाले वा वडामा गठित समितिले गाँउपालिकाको प्रमुख सँग समन्वय गरि कानुन बमोजिम खान तलासि गर्ने प्रक्रिया अगाडी बढाउन सक्नेछ ।

२. त्यस्तो स्थानको प्रचलित कानुन बमोजिम खानतलासि गर्दा सो घरधनी वा सम्बन्धित व्यक्तिलाई पूर्व जानकारी दिनुपर्नेछ ।

३. उक्त स्थानमा कार्यविधिमा उल्लेखित सजाय हुने वस्तु वा कसुर गर्ने व्यक्ति भेटिएमा तत्काल नियन्त्रणमा लिई कब्जा गर्ने र गिरफ्तारी गर्न सक्नेछ यसरी कब्जा वा गिरफ्तार गरी नियन्त्रण गर्दा सुरक्षाकर्मीको सहयोग लिइनेछ र सो कुराको तत्काल जानकारी गााँउपालिकालाई दिनुपर्नेछ ।

**१२. गाँउकार्यपालिकाले यस कानुन विपरित मदिरा उत्पादन, विक्रिवितरण तथा सेवन गरि होहल्ला गाली बेइज्जति गर्नेलाई देहाय बमोजिमको सजाय गर्नसक्नेछ -**

क) मदिरा सेवन गरि समुदायमा होहल्ला, शान्ति भंग हुने क्रियाकलाप वा झैझगडा गर्ने व्यक्तिलाई पहिलोपटक रु. २५००।- अक्षेरेपी रु. दुईहजार पाँच सय जरिवाना गरिनेछ , सोही व्यक्तिले पटकै पिच्छे सोही कसुर गरेमा सोको दोब्बर जरिवाना गरिनेछ ।

ख) यस कार्यविधि विपरित मदिरा विक्रिवितरण ओसारपसार गरेको पाइएमा पहिलोपटक रु.५०००।- जरिवाना गरिनेछ । सोही व्यक्तिले पटकै पिच्छे सोही कसुर गरेमा सोको दोब्बर जरिवाना गरिनेछ ।

ग) यस कार्यविधि विपरित मदिरा विक्रिवितरण उत्पादन र ओसारपसार गर्ने कार्यमा योजनाकार र मतियार भई कार्य गर्नेलाई उपदफा (१)को (क) र (ख)बमोजिम हुने सजायको आधा सजाय गरिनेछ ।

घ) सार्वजनिक पद धारण गरेको व्यक्ति वा सरकारी कर्मचारीले यस कार्यविधि विपरीत कार्य गरेमा आम व्यक्तिलाई गर्ने सजायको दोब्बर सजायका साथै विभागीय कारवाहीका लागि सिफारिस गरिनेछ ।

ङ)यदि कुनै व्यक्तिले यसकार्यविधि बमोजिम् तोकिएको जरिवाना तिर्न इन्कार गरेमा वडा र गाँउपालिकाबाट प्राप्त गरिने सबै किसिमका सेवा सुविधाबाट बञ्चित गर्न सकिनेछ ।

**१३. मदिरा कोषको स्थापना -** १)दफा (१२)मा उल्लेख भएअनुसार तोकिएको जरिवाना बापतको रकम गाउँपालिका कार्यालयले एक छुट्टै खाता खोली जम्मा गर्नुपर्नेछ । यसरी जरिवानाबाट कोषमा जम्मा हुनआएको रकमको २० प्रतिशत रकम शिक्षा, स्वास्थ्य क्षेत्रमा, २० प्रतिशत रकम सुरक्षा निकायलाई,

२० प्रतिशत रकम मदिरा सेवनको कारणबाट आमा वा बुवाको निधन भई असहाय भएका बालबालिका तथा निजको परिवारलाई, यस कार्यविधि विपरित कार्य गरेको सुराक दिएमा सो व्यक्तिलाई जरिवाना गरिएको रकमको १० प्रतिशत पुरुस्कार र बाँकी ३० प्रतिशत रकम गाँउपालिकाको सञ्चितकोषमा जम्मा गरिनेछ ।

२) दफा १४ को उपदफा (१) बमोजिम कोषको सञ्चालन गाँउपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको संयुक्त दस्तखतबाट खोलिनेछ ।

१४. कारवाहीका लागि सिफारिस गरि पठाउने -

यस कानुन  विपरित समुदायमा मदिरा उत्पादन, बिक्रिवितरण गर्ने, पटक पटक तोकिएको शर्त उल्लघन गर्ने व्यक्तिलाई कानुन बमोजिम कारवाहीका लागि वडा समितिले सम्बन्धित  निकायमा सिफरिस गरि पठाउन सक्नेछ ।

१५. पुनरावेदन -

यस कार्यविधि अन्तर्गत जरिवाना गरिएको विषयमा चित्त नबुझे जरिवाना गरिएको व्यक्तिले ३५ दिनभित्र पञ्चेश्वर गाँउपालिकाको न्यायिक समितिमा पुनरावेदन गर्न सकिनेछ ।

१६. पुरुस्कार - कसैले यस कार्यविधि विपरित कार्य गरेको व्यहोराको प्रमाण सहित सुराक दिएमा सो व्यक्तिलाई जरिवाना  गरिएको रकमको १० प्रतिशत रु. सम्म पुरुस्कार दिइनेछ ।

१७.नागरीक कर्तव्य- यस कार्यविधिको परिपालना गर्नु प्रत्येक नागरीकको कर्त्तव्य हुनेछ ।

१८. बाधा अड्काउ फुकाउ-

यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन देखिएमा वा कुनै कानुनसँग बाझिन गएमा कार्यपालिकाले फुकाउन वा संशोधन  गर्न सक्नेछ ।

आज्ञाले
कमलापति भट्ट
प्रमुख प्रशासकीय अधिकृत